"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिबद्धता"

# नेपाल आयल निगम लिमिटेड

## (कोशी प्रादेशिक कार्यालय, विराटनगर)

## प्रेस विज्ञप्ति

१. निगमको यस कोशी प्रादेशिक कार्यालय विराटनगरको लागि पेट्रोलियम पदार्थ ढुवानी गर्दै आईरहेको श्री नविन ढुवानी सेवा प्रा.लि.को टैंकट्रक नं. को.१ख ६१९० ले मिति २०८३/०३/०६ गते ईंण्डियन आयल कर्पोरेसनको सिलिगुरी डिपोबाट २०,००० लिटर पेट्रोल लोड लिई मिति २०८३/०३/०७ गते आइतबार बिहान करिब ८:०० बजे यस डिपो परिसरबाट करिव ३०० मिटरको दुरीमा रहेको कञ्चनबारीस्थित पार्किङ्गमा आएको र मिति २०८३/०३/०८ गते बिहान ९:०० बजे उक्त टैंकर पार्किङ्गस्थलबाट हराएको भनि ढुवानीकर्ताले लिखित जानकारी गराएको।

२. सो पश्चात निगमबाट जिल्ला प्रहरी कार्यालय मोरङलाई लिखित जानकारी गराई तहाँस्थित CCTV रेकर्डिङ हेर्दा मिति २०८३/०३/०८ गते बिहान ३:०३ बजे पार्किङ्गस्थलबाट बाहिरिएको र नोवेल हस्पिटलतर्फ मोडिएको जानकारी प्राप्त भएपश्चात तत्कालै सोही दिशातर्फ निगमका कर्मचारी, प्रहरी र ढुवानीकर्ताबाट खोजी कार्य भएको । निगमबाट करिव १७ कि.मि.को दुरीमा सुनसरी जिल्ला भोक्राहा गा.पा.-०८ स्थित हुलाकी राजमार्गमा बेवारिसे र ताला (SLS) काटिएको अवस्थामा उक्त टैंकर फेला परेको ।सोहि स्थानमा नै जिल्ला प्रहरी कार्यालय सुनसरी, निगमका कर्मचारी, ढुवानीकर्ताका प्रतिनिधिको रोहवरमा मुचुल्का तयार गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सुनसरीले जिल्ला प्रहरी कार्यालय, मोरङलाई कागजात पठाएको र सोहि दिन उक्त टैंकट्रकलाई निगमको डिपोसँगै रहेको पार्किङ्गमा ल्याई सिल गरी राखिएको थियो ।

३. आज मिति २०८३/०३/१० गते अपरान्ह १:०० बजे निगममा जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ, पत्रकार, निगम र ढुवानीकर्ताका प्रतिनिधिहरुको रोवहरमा उक्त टैंकट्रकको सिल खोलि गुणस्तर तथा परिमाणको नापजाँच गर्दा गुणस्तर ठीक पाइएको ।टैंकरबाट २०,००० लिटरमध्ये ९७३ लिटर पेट्रोल चोरी भएको पाइयो ।टैंकरमा बाँकी रहेको १९,०२७ लिटर पेट्रोल निगमको भण्डारणमा खाली गरियो । साथैं निगमको पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम चोरी भएको परिमाणको दोब्बर रकम ढुवानीकर्ताबाट असुल गरियो ।

४. यस घटनाका सम्वन्धमा केही सञ्चारमाध्यम एवं सामाजिक सञ्जालहरुमा प्रकाशित आधारहीन समाचारप्रति निगमको गम्भीर ध्यानाकर्षण भएको छ । विषयवस्तुको यथार्थ जानकारी नलिई प्रकाशित तथ्यहीन समाचारमा कुनै सत्यता नरहेको र नेपाल सरकारको सम्बन्धित निकायबाट घटनाको बारेमा अनुसन्धान कार्य भईरहको वेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

धन्यवाद ।

२०८३।३।१०

मिति : २०८३/०३/१० गते बुधवार ।

(पुस्कर कार्की)
कार्यालय प्रमुख

Scanned with CamScanner